# जोशी हाइड्रोपावर डेभलपमेण्ट कम्पनी लि.
# JOSHI HYDROPOWER DEVELOPMENT COMPANY LTD.

Kalopul, Kathmandu, Nepal
Tel: 01-4462844
Website: www.joshihydropower.com


च. नं. ०२/०८०/८१

श्री नेपाल स्टक एक्चेन्ज लि.,

सिहदरवार प्लाजा, काठमाडौ ।

मिति : २०८०/०५/०८

**विषय** : जानकारी गराईएको बारे ।

महोदय,

उपरोक्त विषयमा यस जोशी हाईड्रोपावर डेभलपमेण्ट कम्पनी लिमिटेडको मिति २०८०/०५/०८ गते बसेको संचालक समितिको (सातौ वार्षिक साधारण सभा पछिको १०औं) बैठकले कम्पनीको आठौं (२०७८/७९) वार्षिक साधारण सभा मिति २०८०/०५/३१ गते आइतबार विहान ११:०० बजे लिसारा व्यङ्केट्स हल, नक्साल, काठमाडौंमा बस्ने र सो वार्षिक साधारण सभा प्रयोजनको निमित्त मिति २०८०/०५/१८ गते १ दिन शेयर दाखिल खारेज(Book Close) बन्द गर्ने निर्णय भएको व्यहोरा अनुरोधका साथ जानकारी गराउँदछौं ।

**संलग्न** :

साधारणसभाको सूचना पाना-२

गंगा प्रसाद जोशी

अध्यक्ष

# जोशी हाईड्रोपावर डेभलपमेण्ट कम्पनी लिमिटेडको
# आठौं वार्षिक साधारण सभा बारेको सूचना

**प्रथम पटक प्रकाशित मिति २०८०/०५/०९**

यस कम्पनीको मिति २०८०/०५/०८ गते बसेको संचालक समितिको ०१० औं बैठकको निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम कम्पनीको आठौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयमा छलफल तथा निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि अनुरोध छ ।

**१. सभा हुने मिति, समय र स्थान :**

मिति : २०८०/०५/३१ गते

समय : बिहान ११:०० बजे

स्थान : लिसारा बैङ्क्वेट हल, नक्साल, काठमाडौं ।

**२. छलफल तथा निर्णय गर्नुपर्ने विषयहरु:**

१) सञ्चालक समितिको तर्फबाट प्रस्तुत हुने आ.ब. २०७८/७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी सो प्रतिवेदनलाइं पारित गर्ने ।

२) आ.ब. २०७८/७९ को लागि नियुक्त लेखा परिक्षक श्री I. P. Mainali & Associates द्वारा तयार पारिएको को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायत सो सँग सम्बन्धित अनुसुचीहरु माथि छलफल गरी लेखा परिक्षण प्रतिवेदन पारित गर्ने ।

३) आ.ब. २०७९/०८० को लागि लेखापरीक्षण गर्नको लागि लेखापरीक्षकको नियुक्ती र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४) कम्पनीको रिक्त संस्थापकबाट पद संख्या-१ र सर्वसाधारणबाट पद संख्या-१ गरी २ जना संचालक को निर्वाचन र स्वतन्त्र संचालकको नियुक्तिगर्ने बारे ।

५) कम्पनीको जारी पूँजीको १ : ६५(पैसठ्ठी प्रतिशत) हकप्रद शेयर निश्कासन गर्ने र शेयर निश्कासनको लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धि विशेष प्रस्ताव पारित गर्ने ।

६) कम्पनीले हकप्रद शेयर निश्कासन पश्चात् कम्पनीको पूँजी बृद्धि हुने भएकोले कम्पनीको पवन्ध-पत्रको दफा ६(क), ६(ख), ६(घ) र ७(क) को संशोधन गर्ने तथा नियमावलीको नियम १८(६), १९(७), २०, २३(१) र २७(क) लाई कम्पनी ऐनको व्यवस्था अनुरुप संशोधन गर्ने सम्बन्धि विशेष प्रस्ताव परित गर्ने ।

७) विविध ।

मिति २०८० साल भाद्र ९ गते र १० गते राजधानी राष्ट्रिय दैनिकमा प्रकाशित सूचना

**संचालक समितिको आज्ञाले,**
कम्पनी सचिव

## वार्षिक साधारण सभा सम्बन्धी थप जानकारी

१. वार्षिक साधारण सभामा भाग लिन आउनुहुने शेयरधनीमहानुभावहरुले सभाकक्षमा प्रवेश गर्नको लागि अनिवार्य रुपले प्रवेशपत्र, आफ्नो परिचय खुल्ने आधिकारिक परिचय पत्र (जस्तै नागरिकता वा अन्य आधिकारिक परिचय पत्र) सहित उपस्थित हुनु पर्नेछ ।

२. वार्षिक साधारण सभामा भाग लिन आउनुहुने शेयरधनी महानुभावले सभास्थलमा उपस्थित भई त्यहाँ रहेको उपस्थिति पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । उपस्थिति पुस्तिका बिहान १०:०० बजेदेखि खुल्ला रहनेछ ।

३. सम्पूर्ण शेयरधनीमहानुभावहरुलाई साधारण सभाको सूचना सहित वार्षिक प्रतिवेदन, आर्थिक विवरण, प्रोक्सी फारम र प्रवेश-पत्र पठाउने व्यवस्था मिलाईएको छ । कुनै कारणवश शेयरधनीमहानुभावहरुले प्राप्त गर्न नसक्नु भएमा कम्पनीको कार्यालय, कालोपुल, काठमाडौं तथा शेयर रजिष्ट्रार(सिद्धार्थ क्यापिटल लि.)को कार्यालय, नक्साल, काठमाडौंबाट प्राप्त गर्न सकिनेछ ।

४. वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८०/०५/१८ गते १ दिन कम्पनीको शेयर दाखिल खारेज बन्द रहने छ ।

५. कम्पनीको शेयरधनी दर्ता किताबमा नाम दर्ता भएका शेयरधनीहरुले आफै वा प्रतिनीधि मार्फत छलफल गर्न र मतदान गर्न सकिनेछ । प्रतिनिधि नियुक्त हुने शेयरधनीले सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै प्रतिनीधिपत्र कम्पनीको कार्यालय, कालोपुल, काठमाडौंमा बुझाइसक्नुपर्नेछ ।

६. कम्पनीको रिक्त संस्थापक शेयरधनीबाट-१ र सर्वसाधारणबाट-१ समेत गरी जम्मा संचालक संख्या २ को निर्वाचन कार्यक्रम सम्बन्धि सूचना साधारण सभा हुनु भन्दा कम्तिमा ७ दिन अगावै कम्पनीको सूचनापाटीमा टाँस गरिनेछ ।

७. साधारण सभा एवं संचालक निर्वाचन सम्बन्धी अन्य जानकारी आवश्यक परेमा कम्पनीको कार्यालय कालोपुल, काठमाडौंमा कार्यालय समय भित्र ०१-४५६२८४४ मा सम्पर्क गर्न सकिनेछ ।